**Strong national commitment by health minister to enforce of a 90 % pictorial health warning**

# सुर्तीविरुद्धको कानुन कार्यान्वयन गर्ने दृढता

**काठमाडौं (अन्नपूर्ण) :** स्वास्थ्य तथा जनसंख्यामन्त्री खगराज अधिकारीले सुर्तीजन्य पदार्थको प्रयोगदर घटाउन सुर्तीजन्य प्याकेटको ९० प्रतिशत भागमा चेतावनीमूलक चित्र अंकित सन्देश छाप्नुपर्ने निर्णय गर्नुपरेको स्पष्ट पारेका छन्। एक्सन नेपालद्वारा सोमबार राजधानीमा आयोजित अन्तर्क्रियामा मन्त्री अधिकारीले सुर्तीजन्य प्याकेटको ९० प्रतिशत भागमा चेतावनीमूलक चित्र अंकित सन्देश छाप्नुपर्ने प्रावधान आगामी जेठ २ देखि लागू गरेरै छाड्ने बताए।

सरकारले गत पुस २७ मा सुर्तीजन्य पदार्थको प्याकेटमा ९० प्रतिशत चेतावनीमूलक चित्रअंकित सन्देश छाप्नुपर्ने निर्णय गरेको थियो। यसअघि यो हिस्सा ७५ प्रतिशत थियो। सरकारको निर्णयविरुद्ध विभिन्न सुर्ती उद्योगीले सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।

मन्त्री अधिकारीले जनताको स्वास्थ्यभन्दा ठूलो अन्य हुन नसक्ने भन्दै निर्णय कार्यान्वयनमा सरकार पछि नहट्ने दृढता व्यक्तगरे।

मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीले मानिसमा लाग्ने रोगमध्ये ५० प्रतिशतभन्दा बढी सुर्तीजन्य पदार्थ प्रयोगकै कारण निम्तिने भन्दै यसलाई नियन्त्रण गर्नसके ठूलो जनधनको क्षतिबाट बचिने बताए। मुटु, क्यान्सर, दम, हृदयाघात, मस्तिष्कघात, मृगौलाजस्ता समस्या देखिनुमा सुर्ती सेवन प्रमुख कारण हो।

ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी नायबमहानिरीक्षक जयबहादुर चन्दले राज्यले बनाएको कानुन पालना गर्नु नागरिकको कर्तव्य भएको बताए।

एक्सनका अध्यक्ष आनन्दबहादुर चन्दले सरकारले हालै संशोधन गरेको सुर्तीजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्न बनाएको कानुन विश्वकै उदाहरणीय भएको भन्दै अक्षरशः कार्यान्वयन हुनुपर्ने बताए।

LIVE

QR Code

प्रयोग विधि :


# सुर्तीविरुद्धको कानुन कार्यान्वयन गर्ने दृढता


# नक्सा पासबिन नेसनल ट्रेडिङ भवन



## सार्वजनिक ठाउँमा चुरोट तान्ने २२ पक्राउ

**Strong national commitment by health minister to enforce of a 90 % pictorial health warning**

## सुर्तीमा ९० प्रतिशत चित्र छपाउन सरोकारवालाको साथ

नयाँ पत्रिका
काठमाडौं, १८ चैत

सरकारलाई आगामी १ जेठबाट सुर्तीजन्य पदार्थको प्याकेटमा ९० प्रतिशत चेतावनीमूलक सन्देश छाप्ने निर्णय कार्यान्वयन गर्न सरोकारवालाहरूले साथ दिने भएका छन्। स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण जिल्ला सञ्जालको सोमबार र मंगलबार राजधानीमा सम्पन्न दुईदिने राष्ट्रिय भेलाले निर्णय कार्यान्वयनमा सघाउने निर्णय गरेको हो।

विश्वमा ६० प्रतिशतभन्दा बढीको मृत्यु नसर्ने रोगबाट भइरहेको र यसको न्यूनीकरणको उपाय सुर्तीजन्य पदार्थको प्रयोगमा कमी ल्याउनु नै रहेको भन्दै भेलाले त्यसका लागि सुर्तीजन्य पदार्थको प्याकेटमा छाप गरिएको चित्रात्मक सन्देशको कार्यान्वयन महत्त्वपूर्ण हुने निष्कर्ष निकालेको छ।

भेलाका राष्ट्रिय संयोजक शान्तलाल मुल्मीले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेको ऐन-०६८ को प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवालाको दायित्व भएको बताए। उनले जिल्लाका स्वास्थ्य कार्यालय, प्रहरी, स्थानीय प्रशासन, स्वास्थ्य अधिकार सुर्ती नियन्त्रण जिल्ला सञ्जाल तथा स्वास्थ्य अधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजका प्रतिनिधि भएको एउटा छुट्टै संयन्त्र स्थापना गरी कार्यान्वयनका लागि माग गरे।

भारत तथा अन्य मुलुकबाट अनधिकृत रूपमा आयात भई बिक्री भइरहेको गैरकानुनी सुर्तीजन्य वस्तुलाई समयमै रोकथाम गर्न आवश्यक संयन्त्र बनाई कार्यान्वयन गर्नसमेत भेलाले माग गरेको छ। भेलाले देशमा मदिराको अनियमित प्रयोग भइरहेको र यसबाट नसर्ने रोग बढ्दै जानुका साथै घरेलु हिंसा, गरिबीका साथै हिंसात्मक गतिविधि बढ्दै गएको भन्दै मदिरा नियन्त्रण तथा नियमन ऐनको मस्यौदालाई यथाशीघ्र व्यवस्थापिका संसद्बाट पारित गराउनसमेत माग गरेको छ।

भेलामा ५७ जिल्लाका सात सयभन्दा बढी प्रतिनिधिको सहभागिता थियो।



## 'सुर्तीमा ९० प्रतिशत चित्रांकित सन्देश छापिन्छ'



आगामी जेठदेखि नै सुर्तीजन्य पदार्थको प्याकेटमा ९० प्रतिशत चित्रांकित चेतावनीमूलक सन्देश छाप्ने नियम कार्यान्वयनमा ल्याउने तयारी

## नेताहरूको विदेश उपचारमा अंकुश लगाउने तयारी

चार र नैतिकता ?

**Strong national commitment by health minister to enforce of a 90 % pictorial health warning**

**Links:**

1. Pahilopost.com:-http://www.pahilopost.com/content/-2740.html
2. Onlinekhabar.com:- http://www.onlinekhabar.com/2015/03/250568/?fb_action_ids=10206160240344553&fb_action_types=og.shares
3. Ratopati.com:- http://www.ratopati.com/2015/03/09/215764.html?fb_action_ids=10206154458480010&fb_action_types=og.shares
4. SwastheKhabar.com:- http://swasthyakhabar.com/2015/03/24219.html
5. The Himalayantimes:- http://m.thehimalayantimes.com/fullNews.php?headline=Directives+will+come+into+force+on+May+16%3A+Minister+Adhikari&NewsID=447323#.VQAYLnyUdIw